

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com








❖ वर्ष ३५ ❖ २०७९ जेठ १३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 27 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६८


## गरुडामा एमाले प्रमुख र नेका उपप्रमुखमा विजयी

प्रस, गरुडा, १२ जेठ/

रौतहटको मध्यभागमा रहेको गरुडा नगरपालिकामा नेकपा एमाले नगरप्रमुख र नेपाली काङ्ग्रेस उपप्रमुखमा विजयी भएका छन्। नौवटा वडा रहेको गरुडा नगरपालिकामा वडाहरूको मिश्रित परिणाम आएको छ।

गरुडा नगरपालिकाको प्रमुखमा नेकपा एमालेका कन्थमणिप्रसाद कलवारले नेकपा (एकीकृत समाजवादी) र नेकासित निकै कडा सङ्घर्षमा कठिन जीत निकाल्न सफल भएका छन्। गरुडा नगरपालिकाको प्रमुखमा एमालेका कलवारले चार हजार ५६४ मत ल्याइ जीत निकाल्दा नेकपा एसका बृजकिशोर यादवले चार हजार ५२६ मत ल्याएका थिए भने नेकाका सुनीलकुमार यादवले चार हजार ४९८ मत प्राप्त गरेका थिए।

गरुडा नगरपालिकाको उपप्रमुखमा भने नेपाली काङग्रेसले निकै फराकिलो मतान्तरले जीत हासिल गरेको छ। उपप्रमुखमा नेकाकी पूनमकुमारी चौधरीले छ हजार ७०३ मत ल्याउँदा निकटतम प्रतिद्वन्द्वी जसपा नेपालकी बिन्दुकुमारी देवीले चार हजार ४७७ मत प्राप्त गरेकी थिइन्।



नगरप्रमुख कन्थमणिप्रसाद कलवार र उपप्रमुख पूनमकुमारी चौधरी। तस्वीरः प्रतीक




गरुडा नगरपालिकाको वडा नं १ मा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका शेख वहाब, २ मा जनता समाजवादी पार्टी नेपालका कृष्णनन्दन सहनी, ३ मा नेकपा माओवादी केन्द्रका अम्बिका सहनी, ४ मा नेकपा एसका सुनीलकुमार जयसवाल, ५ मा नेकपा माओवादी केन्द्रका रामविनोदप्रसाद जयसवाल, ६ मा नेकपा एमालेका रामबाबूप्रसाद साह, ७ मा नेकाका प्रवीण सिंह यादव, ८ मा जसपा नेपालका वशिष्ठराय यादव र ९ मा नेकाका राजेशकुमार सहनी निर्वाचित भएका छन्।

गत वैसाख ३० गते भएको निर्वाचनमा एउटा मतदान केन्द्रको मतपेटिकामा विवादका कारण क्षति पुगेपछि जेठ ४ गते पुनः मतदान भएको गरुडा नगरपालिका-९ मा अन्तिम मतगणना चलिरहँदा पनि विवाद भएको थियो। विवादका कारण नेपाली काङ्ग्रेस र नेकपा एकीकृत समाजवादीले पुनः मतगणना हुनुपर्ने माग राखी निवेदन दर्ता गराएका थिए र पालिका निर्वाचन कार्यालयले पुनः मतगणनाको मागलाई अस्वीकार गर्दै एमाले उम्मेदवार कलवारलाई नगरप्रमुखमा विजयी भएको घोषणा गरेको थियो।

गरुडा नगरपालिकामा नेकपा एमालेको जीतसँगै रौतहटका तीनवटा पालिकामा नेकपा एमाले विजयी भएको छ।

यसअघि मौलापुर र देवाही गोनाही नगरपालिकामा नेकपा एमाले पूर्ण


(बाँकी चौथो पातामा)


## जगरनाथपुर-६ का अध्यक्षलाई काम नगर्न आदेश

प्रस, वीरगंज, १२ जेठ/

जगरनाथपुर गाउँपालिका वडा नं ६ का अध्यक्ष अयोध्याप्रसाद कुर्मीलाई



गापा अध्यक्ष अयोध्याप्रसाद कुर्मी

अध्यक्षको हैसियतले कुनै पनि काम कारबाई गर्न नदिन उच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ।

स्थानीय निर्वाचन अन्तर्गत हालै सम्पन्न मतगणनामा वडाध्यक्ष कुर्मीले आफ्ना निकटमत प्रतिद्वन्द्वीलाई एक मतले पराजित गरेका थिए। पराजित लक्ष्मणप्रसाद कुर्मीले उच्च अदालतमा मतगणना बदर गरी पुनः मतगणना गरिपाउ भनेर उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा रिट दिएका थिए।

रिटमा बिहीवार इजलास नं ४ का न्यायाधीश सीताराम मण्डलले जेठ २० गते पेसी तोक्दै निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय, पर्सासमेतलाई कारण खुलाइ लिखित जवाफ पेश गर्न आदेश गरेको छ। सो अवधिसम्म कुर्मीलाई अध्यक्षको हैसियतबाट कुनै पनि कामकारबाई गर्न नदिन निर्देश गरेको छ। अयोध्या एमालेबाट एक मतले विजयी भएका थिए भने लक्ष्मण नेपाली काङ्ग्रेसबाट एक मतले पराजित भएका हुन्।

यसैगरी, विन्ध्यवासिनी गाउँपालिका-३ मा पनि नेपाली काङ्ग्रेसका जयप्रकाश चौरसिया एक मतले विजयी भएका हुन्। उनले एक हजार १८५ पाएका थिए भने उनका प्रतिद्वन्द्वी एमालेका हनिफ मियाँले एक हजार १८४ मत पाएका थिए।

## वीरगंज महानगरका जनप्रतिनिधिको शपथ

प्रस, वीरगंज, १२ जेठ/

मधेस प्रदेशको एकमात्र महानगर




महानगरपालिकाका मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलले नवनिर्वाचित इम्तियाज आलम ठकुराईसमेत ३२ वटा वडाका अध्यक्ष तथा १२८ जना वडा सदस्यहरूलाई शपथ गराएका थिए।

वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत निश्चलराज पाण्डेको अध्यक्षता तथा जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यमा शपथग्रहण कार्यक्रम भएको थियो।

कार्यक्रममा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दी, सांसद प्रदीप यादव, मधेस प्रदेशका खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्मा, नेका, पर्साका सभापति जनार्दन सिंह क्षत्री, केन्द्रीय सदस्य अजय चौरसिया, पूर्वसभापति अजय दिवेद्वी, जसपा, पर्साका अध्यक्ष रामनरेश यादव, नेकपा एकीकृत समाजवादी, पर्साका अध्यक्ष बालगोपाल थापा, माओवादी केन्द्र, पर्साका अध्यक्ष रामदरश कुशवाहा, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्तालगायतको सहभागिता थियो।




वीरगंज महानगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूको बिहीवार शपथग्रहण भएको छ।

आदर्शनगरस्थित पुरानो बसपार्कमा आयोजित शपथग्रहण समारोहमा पर्सा जिल्लाका मुख्य न्यायाधीश तथा वीरगंज प्रमुख राजेशमान सिंहलाई शपथग्रहण गराएका थिए।

जसपाबाट निर्वाचित नगरप्रमुख सिंहलाई मुख्य निर्वाचन अधिकृत पौडेलले शपथग्रहण गराएपछि नगरप्रमुख सिंहले उपप्रमुखमा निर्वाचित नेपाली काङ्ग्रेसका

### पदभार सम्हालेसँगै गरे दुई निर्णय



वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले पदभार सम्हालेका छन्। वीरगंज महानगरको कार्यालयमा पद तथा गोपनीयताको शपथ लिंदै उनले दुईवटा निर्णयसमेत गरेका छन्। उनले पहिलो निर्णयमा वीरगंजको मुख्य सडकको मरम्मत सम्भारको लागि आजै रातिबाट काम शुरू गर्ने र दोस्रो, वीरगंज महानगरका ३२ वटा वडाका १० हजार९२४ दलित विपन्न घरधुरीको मासिक ३० युनिटसम्मको विद्युत् महसूल निश्शुल्क गर्न आगामी नगरपरिषद् बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरेका छन्। नगरप्रमुखमा उम्मेदवारी दिएसँगै उनले नगरप्रमुख भएमा वीरगंजमा जनताले परिवर्तनको अनुभूति गर्ने भनेका थिए।

नगरप्रमुख सिंह र उपप्रमुख इम्तियाज आलम ठकुराईलाई विधिवत् पूजापाठ गरी कार्यालयमा प्रवेश गराइएको थियो। महानगरपालिकामा प्रवेश गर्ने क्रममा कर्मचारीहरूले नगरप्रमुख सिंह र उपप्रमुख ठकुराईलाई स्वागत गरेका थिए।




## विचारसार र सूक्तिहरू

**सबैभन्दा बहुमूल्य र सुरक्षित धन आफ्नो सम्पत्ति नै हो, चाहे त्यो थोरै नै किन नहोस्, सन्तुष्ट रहनुपर्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## स्थानीय तहमा बेरुजू


**स्थानीय तहको बेरुजू कहालीलाग्दो अवस्थामा पुगेको छ । 'सिंहदरबारको अधिकार गाउँमा' भन्ने परिकल्पनाका साथ स्थानीय तहको अवधारणा आएको हो । यसमा सुशासनका लागि पारदर्शिता अपरिहार्य छ। केन्द्रिकृत सरकारको तहसम्म सर्वसाधारणको पहुँच नहुने र त्यहाँको आर्थिक पारदर्शिताबारे नागरिकस्तरमा जानकारी पनि हुन नसक्ने अवस्थाको विकल्पमा विकेन्द्रिकृत नयाँ व्यवस्था लागू गरिएको हो । २०७४ मा स्थानीय तहको पहिलो निर्वाचनपछि प्रयोगमा आएको स्थानीय तह एक कार्यकाल बित्दा नबित्दै आर्थिक अनुशासन तथा पारदर्शिताको सवालमा गम्भीर चुनौती खडा भएको छ । चार वर्षको अवधिमा मुलुकका ७५३ वटा पालिकामा एक खर्ब १७ अर्बभन्दा बढी रकम बेरुजू छ । चालू वर्षबाहेक बितेको चार वर्षमा बेरुजू घटदै जानुपर्नेमा हरेक वर्ष वृद्धि हुँदै गएको छ । पर्सा जिल्लाको कुरा गर्दा १४ वटा पालिकाको बेरुजू चालू वर्षबाहेक चार वर्षको अवधिमा एक अर्ब ७५ करोड रुपैयाँ पुग्यो । महालेखा परीक्षकको प्रतिवेदन अनुसार बेरुजू नरहेको पालिका एउटा पनि छैन । १० वटा गाउँपालिकामध्ये सबैभन्दा कम सखुवाप्रसौनी गाउँपालिकामा सवा करोडभन्दा बढी बेरुजू देखिएको छ । सबैभन्दा बढी सखुवाप्रसौनी गाउँपालिकामा १३ करोड ३१ लाख ४३ हजार रुपैयाँ बेरुजू देखियो । त्यसैगरी, जिल्लाका तीनवटा नगरपालिकामध्ये सबैभन्दा कम पर्सागढी नगरपालिकामा रु पाँच करोड ४४ लाख र बहुदरमाई नगरपालिकामा सबैभन्दा बढी रु १४ करोड ७७ लाख बेरुजू देखियो। एकमात्रै वीरगंज महानगरपालिकामा पौने अर्ब अर्थात् रु ७५ करोड ६७ लाख ३० हजार बेरुजू देखिएको छ ।**

**बेरुजू असुलउपर गर्ने सम्बन्धमा ठोस कदम अगाडि बढाइएको पाईंदैन । बेरुजू आर्थिक अनियमितताको सूचक हो। बेरुजू बढ्दै जानु तथा नियन्त्रण हुन नसक्नु भनेको अनियमितता हाबी हुनु हो । जहाँ अनियमितता बढी हुन्छ, त्यहाँ नागरिक अधिकार कुण्ठित हुन्छ। यसले व्यवस्थाप्रति नै वितृष्णा खडा गर्छ । महालेखाको प्रतिवेदनमा स्थानीय तहले बजेट अनुशासन पालना नगरेको र वित्तीय व्यवस्थापन कमजोर रहेको उल्लेख छ । त्यसमा सोझै खरीद, बिल भरपाई पेश नभएको, खाता मिलान नभएको, निर्माण नभएका कामको भुक्तानी, सवारीसाधन खरीद र ठेक्कापट्टा स्वीकृतिमा अनियमितता भएको औंल्याइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनमा पनि सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा भएको देखिन्छ। विगतका वर्षहरूमा सबैभन्दा धेरै उजुरी शिक्षा क्षेत्रमा पर्ने गरेको थियो, स्थानीय तहसँग जोडिएका विषयमा बढी उजुरी परेको आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।**

**स्थानीय तह सञ्चालनमा प्रारम्भिक चरण भएकोले जनप्रतिनिधि एवं कर्मचारीमा अनुभवको कमी, कानून अभाव साथै दक्ष र पर्याप्त कर्मचारीको अभावका कारण पनि स्थानीय तहले प्रतिकूलता बेहोरिरहेको यथार्थ हो । बितेका अप्ठ्याराहरू अब निर्वाचित हुने जनप्रतिनिधिहरूका लागि सिकाइ हुने हुनुपर्छ । अर्थसम्बन्धी सङ्घीय कानूनहरूलाई स्थानीय सरकारले कडाइका साथ पालना गर्नु जरुरी छ । राजनीतिक दलहरूले आफ्ना जनप्रतिनिधिहरूलाई आर्थिक अनुशासनमा राख्न सक्नुपर्छ। पालिकाको प्रशासनिक खर्चमा एकरूपता कायम गर्न प्रदेश सरकारको पहल आवश्यक छ। साथै स्थानीय तह कर्मचारी समायोजनमा सङ्घीय सरकारले बाटो खुला गर्नुपर्छ ।**

# इन्धनमा औचित्यहीन मूल्यवृद्धि

स्वतन्त्र विचार



**श्रीमन्नारायण**
an_shriman@yahoo.com

**नेपालमा महँगी र करवृद्धिको विरोधमा न त समाचार माध्यमहरूमा व्यापक परिचर्चा भइरहेको हुन्छ, न त यो सामाजिक सञ्जालमा नै बहसको मुद्दा हुने गर्दछ । भारतमा प्याजको मूल्यमा वृद्धि गरिएको कारण सन् १९७९ मा मोरारजी देसाई प्रधानमन्त्री भएको बेला सङ्घीय सरकार नै पतन भएको थियो ।**

नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र जनमोर्चा नेपाल सम्मिलित गठबन्धन सरकारले स्थानीय तहको निर्वाचन सकिएलगत्तै इन्धन पदार्थ र खाना पकाउने ग्याँसको मूल्यमा अप्रत्याशित मूल्यवृद्धि गरेको छ । नेपाली जनताको असीमित सहनशीलता र धैर्यको गहिरो समीक्षा गरिसकेका नेपालका राजनीतिक दलहरूले कमोवेश एउटा विषयमा साझा निष्कर्ष नै निकालिसकेका छन् कि नेपालमा महँगी कहिल्यै राजनीतिक मुद्दा हुन सक्दैन । जतिसुकै करको भारी लादिदिंदा पनि नेपाली जनता खुशी–खुशी वहन गर्न तयार हुनेछ। देशमा गरीबी बढेको छ, महँगी आकाशिंदो छ, ठूला व्यापारी, सरकारी कर्मचारी र जननिर्वाचित राजनीतिक प्रतिनिधिबाहेक कसैको अनुहारमा पनि प्रसन्नता छैन । जनतालाई कहिल्यै कुनै पनि किसिमको राहत दिन नसक्ने नेपालको सरकारले करको भारी लाद्नमा कहिल्यै कञ्जुस्याइँ गरेन। हालै खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर दुई सय रुपैयाँ वृद्धि गर्नु र पेट्रोलियम पदार्थमा प्रतिलिटर रु १० सम्म वृद्धि गर्नु नेपाली जनताले सत्ताधारी गठबन्धनलाई मत दिएबापतको अपराधको सजाय हो ।

महान् अर्थशास्त्री कौटिल्यले कर सङ्ग्रहको सम्बन्धमा राज्य र जनताको तुलना किसान र दूध दिने जनावरसित गर्दै भनेका थिए, "जसरी लामो समयसम्म दूध खाने इच्छा राखेका किसानले आफ्ना पशुधनको दोहन बिस्तारै–बिस्तारै गर्नुपर्दछ, त्यसरी नै सरकार अथवा शासकले पनि जनतालाई कष्ट नपुग्ने गरी करको निर्धारण गर्नुपर्दछ ।" सरकारले सुशासन र पारदर्शिता कायम गरेमा जथाभावी कर वृद्धि गर्नुपर्ने आवश्यकता नै रहँदैन । स्थानीय तह, प्रादेशिक सरकार र सङ्घीयस्तरका कार्यालयहरूमा समेत हुने गरेका जथाभावी खर्च र अनियमिततालाई रोकिनुपर्दछ। सङ्घीय सरकारका मन्त्रीहरूमाथि पनि भ्रष्टाचारको आरोप लाग्ने गरेको र भ्रष्टाचारको आरोप लागेका कारण पद त्याग गर्नुपरेका अनेकौं घटनाहरू भएका छन् । प्रादेशिक सरकारहरूको अवस्था पनि यसभन्दा फरक छैन। मधेस प्रदेशको त मुख्यमन्त्रीकै कार्यालयमा अख्तियारले छापा मारेको थियो । स्थानीय तहको पहिलो कार्यकालमा भ्रष्टाचारका अनगिनत घटनाहरू भए । तराई–मधेससहित देशका अधिकांश पालिका प्रमुख र कतिपय वडाध्यक्षले पनि मासिकरूपमा अख्तियारमा नियमित तारिख लिनुपर्ने अवस्था रह्यो ।

हालै एकजना महानुभावले आफ्नो सामाजिक सञ्जाल फेसबूकमार्फत वर्तमान सरकार र ओली सरकारको समयमा रहेको इन्धनको मूल्यको तुलना गर्दै लेखेका छन्, केपी शर्मा ओली सरकारको पालामा पेट्रोलको मूल्य प्रतिलिटर रु १०२ थियो भने डिजेलको रु ८३, मटीतेलको रु ८३ र खाना पकाउने ग्याँस प्रतिसिलिन्डर रु एक हजार ३७५ मात्रै थियो। एक वर्षकै अवधिमा पेट्रोलको मूल्यमा प्रतिलिटर ७८, डिजेलमा ८०, मटीतेलमा ८० र खाना पकाउने ग्याँसमा प्रतिसिलिन्डर रु ४२५ वृद्धि भएको छ। जबकि ओली सरकारले पनि अत्यधिक नै करवृद्धि गरेको थियो। डिजेलको मूल्यमा वृद्धि हुने बित्तिकै यातायातका साधनको भाडामा वृद्धि हुन्छ। बसयात्रा महँगो हुन थाल्छ भने तरकारी, फलफूल र लत्ताकपडाको मूल्यमा समेत वृद्धि हुन्छ । नेपालजस्तो देशमा जहाँ बजारमाथि सरकारको नियन्त्रण छैन । सय मिटर वरिपरिका दश पसलमा दश किसिमका बजार मूल्य हुने गर्दछन्, त्यहाँ आम जनताले गुनासो पनि कहाँ गर्ने ? मूल्यवृद्धि ओली सरकारको पालामा पनि आकाशिंदो नै थियो। ओली सरकारले पनि कर बढाउने र जनतालाई आहत गर्ने मामिलामा रेकर्ड नै बनाएको थियो। भारतीय हास्य कवि डा सुरेन्द्र शर्माको पङ्क्तिलाई सापट लिने हो भने जनता त बिचरा सीता नै हुन्, रावणले अपहरण गरेर लगे पनि अशोकवाटिकामा रूखमुनि नै बसाल्ने हुन् र राजा रामचन्द्र भएर पनि के भो ? सकुशल अयोध्यामा बस्नुको साटो गर्भिणी भएर पनि जङ्गलमा जानुपर्‍यो । ओली सरकारले पनि जनताको टाउकोमा जथाभावी कर लादेकै थिए र अहिलेको सरकारले पनि महीनापिच्छे नै मूल्यवृद्धि गर्दै आएको छ।

कतिपयलाई मूल्यवृद्धिप्रति बढी चासो नहुनुको एउटा प्रमुख कारण के पनि हुने गर्दछ भने हामीले कर तिर्नुपर्दैन नि ? हामीले किन बेकारको टेन्शन लिने ? भन्ने चिन्तन हो तर सरकारले अप्रत्यक्ष र प्रत्यक्ष गरी दुई तरीकाले कर लिइराखेको हुन्छ । अप्रत्यक्ष करमा मूलतः मूल्य अभिवृद्धि कर आउँछ । कारखानामा सामग्रीको उत्पादन हुने बित्तिकै त्यहाँ कर लागू गरिएको हुन्छ। केही वर्षअघिसम्म पसलेहरू कर थप गरेर सामान बिक्री गर्ने गर्दथे तर अचेल मूअक लागू गरिएका कारण नेपाली उत्पादनका वस्तुहरू हामी प्रिन्ट मूल्य अनुसार नै पाउने गर्दछौं । दक्षिणी छिमेकी भारतमा केन्द्र र प्रदेश सरकारले छुट्टाछुट्टै जिएसटी लगाउने गर्दछन् । प्रदेशले आफ्नो हिस्साको राजस्व हासिल गर्दछ । मालपोत कर, जग्गा रजिस्ट्री कर, सवारीसाधन खरीद–बिक्री गर्दा, नवीकरण गर्दा, सवारीचालक अनुमतिपत्र लिंदा अथवा नवीकरण गर्दा, निजी संस्था, पसल तथा निजी कार्यालय सञ्चालन गरेबापतको नवीकरण कर, घरबहाल करलगायतका अनेकौं करहरू प्रत्यक्षको परिभाषाभित्र आउँछन् ।

नेपालमा महँगी र करवृद्धिको विरोधमा न त समाचार माध्यमहरूमा व्यापक परिचर्चा भइरहेको हुन्छ, न त यो सामाजिक सञ्जालमा नै बहसको मुद्दा हुने गर्दछ । भारतमा प्याजको मूल्यमा वृद्धि गरिएको कारण सन् १९७९ मा मोरारजी देसाई प्रधानमन्त्री भएको बेला सङ्घीय सरकार नै पतन भएको थियो । सन् ९० को दशकमा पनि भारतीय जनता पार्टीले केही प्रादेशिक सरकारहरूलाई गुमाउनुको मुख्य कारण प्याजको मूल्यमा वृद्धि हुनु नै थियो । भारतमा प्रत्येक मूल्यवृद्धि अथवा कर लागू हुँदाका बखत त्यहाँका राजनीतिक दलहरूले सरकारको विरोध गर्ने गर्दछन्।

अन्तर्राष्ट्रिय बजारमा अहिले कच्चा तेलको मूल्य प्रतिब्यारेल ११२ डलर छ । एक ब्यारेलमा १५८.९८७ लिटर मोटामोटी १५९ लिटर हुन्छ । अन्तर्राष्ट्रिय बजारमा अहिले डलरको मूल्य १२४.१२ नेपाली रुपैयाँ पर्दछ । त्यस हिसाबले एक लिटर कच्चा तेलको मूल्य ८६.८८४ रुपैयाँ हुन आउँछ। नेपाल आयल निगमका एकजना अधिकारीसित एक ब्यारेलमा कति लिटर तेल आउँछ भन्ने प्रश्न सोध्दा उनले १४२ लिटर बताए । जबकि आफूलाई जानकारी भए अनुसार र गूगलमा सर्च गर्दा पनि एक ब्यारेल बराबर १५८.९८७ लिटर नै आउँछ । एक ग्यालेनको हिसाबले जोड्दा पनि त्यत्ति नै आउँछ । नेपाल आयल निगमकै वक्तव्यलाई आधार मान्ने हो भने पनि हामीले भारतबाट तेल मगाउँदा प्रतिलिटर ११७ रुपैयाँ १८ पैसा परल मूल्य अथवा खरीद मूल्य हुन आउँछ । प्रतिलिटर पेट्रोलमा सरकारले ६३ रुपैयाँ २३ पैसा कर लिने गर्दछ। पेट्रोल र डिजेलमा पनि कर निर्धारणको अवस्था यस्तै नै हो। ढुवानी भाडा, निगमको प्रशासनिक खर्च, बीमा खर्च, निगमको प्राविधिक नोक्सानी, विक्रेता कमिशन जोडेर उपभोक्तामाथि थप भार थोपरिएको छ। पाइपलाइनबाट अमलेखगंजसम्म तेल पुगिरहेको छ। यस्तोमा अनावश्यक कर हटाइनु आवश्यक छ। कतिपयले भारतमा पनि पेट्रोलियम पदार्थको मूल्य यति नै अथवा योभन्दा बढी छ भन्ने तर्क गर्दछन् तर भारतको सरकारले आफ्नो जनतालाई दिइरहेको सुविधाबारे कोही पनि चर्चा गर्दैनन् । मोदी सरकारले त कोभिड–१९ को सङ्कटमा ८० करोड जनतालाई नौ महीनासम्म अति नै सस्तो दरमा र केही खाद्यान्न सामग्री सित्तैमा पनि उपलब्ध गराएको थियो । बर्सेनि किसानहरूको खातामा पैसा पुग्ने गर्दछ। भारत सरकारले आफ्नो जनतालाई दिएको सुविधाको दश प्रतिशत मात्रै पनि लागू गर्दा नेपालमा नेताहरू कङ्गाल हुनेछन्। नेपालमा अत्यधिक करवृद्धि भएको छ यो अनुचित हो र यो फिर्ता हुनुपर्छ ।

# सर्वोच्चको फैसला : निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण रोक्नु

काठमाडौं, १२ जेठ/रासस

सर्वोच्च अदालतले वातावरणीय दृष्टिकोणबाट निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन रोक्ने फैसला सुनाएको छ ।

न्यायाधीश हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, प्रकाशमान सिंह राउत र डा मनोजकुमार शर्माको बृहत् पूर्ण इजलासले बिहीवार उक्त विमानस्थल निर्माणसम्बन्धी विवादमा रिट जारी गर्दै निर्माण कार्य रोक्ने फैसला सुनाएको हो।

उक्त विमानस्थल निर्माण गर्ने क्रममा रूख काट्ने विषयलाई लिएर विवाद शुरू भएको थियो। पूर्वसचिव द्वारिकानाथ ढुङ्गेल, रञ्जुहजुर पाण्डे क्षेत्री, विजयकुमार सिंह दनुवार, पङ्कजकुमार कर्ण र वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलगायतले सर्वोच्च अदालतमा २०७६ मङ्सिर १७ गते रिट निवेदन दायर गरेका थिए ।

उक्त रिट निवेदनमा न्यायाधीश टङ्कबहादुर मोक्तानको एकल इजलासले २०७६ मङ्सिर २० गते तत्कालका लागि निर्माण कार्य रोक्न अन्तरिम आदेश जारी गर्दै निर्माण कार्य रोक्न आदेश दिएको थियो । रिट निवेदनमा निजगढ विमानस्थलका लागि पुराना रूख रहेको जङ्गल विनाश हुने भएकाले निर्माण रोक्न माग गरिएको थियो ।



तस्वीर: फाइल

विमानस्थलको काम अघि नबढाउन सरकारका नाममा अन्तरिम आदेशलाई निरन्तरता दिंदै विपक्षीलाई लिखित जवाफ पेश गर्न भनिएको थियो । सबै पक्षको सुनुवाइपछि आज अदाललते उक्त विमानस्थल निर्माण कार्य रोक्ने फैसला सुनाएको छ ।

# साढे नौ लाख रुपियाँसहित राम पक्राउ

प्रस, वीरगंज, १२ जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्साले स्रोत नखुलेको साढे नौ लाख रुपियाँसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

नेपाली नम्बरको मोटरसाइकलमा रक्सौलबाट वीरगंजतर्फ आउने क्रममा शङ्कराचार्य गेटमा चेकजाँच गर्दा झोलामा लुकाएर राखेको अवस्थामा नेपाली रुपियाँ बरामद भएपछि भारत बेतिया निवासी ४१ वर्षीय सञ्जय रामलाई पक्राउ गरिएको जिप्रका, पर्साका प्रवक्ता प्रनाउ ओमप्रकाश खनालले बताए ।

बरामद रकमको स्रोत देखाउन नसकेकोले रामलाई पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी कारबाई अगाडि बढाएको उनले बताए।





तस्वीर सौजन्यः जिप्रका, पर्सा

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

# श्रमिक र सामाजिक सुरक्षा कोष

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**सामाजिक सुरक्षा कोषमा आबद्ध भएको केही समयपछि विश्वमा देखिएको कोरोना महामारीका कारण श्रमिक सबैभन्दा बढी मारमा परे। वर्षौंदेखि थोपाथोपा गर्दै सञ्चय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको रकम निकालेर श्रमिकले महामारीको समयमा घरखर्च चलाए।**

श्रमिक हकहितका नाममा विभिन्न सङ्घसंस्था खुलेका छन्। सरकारले पनि श्रमिकको जीवन सजिलो बनाउन तथा उनीहरूको कामको मूल्याङ्कन र भविष्यमा आइपर्ने अप्ठ्याराबाट जोगाउन विभिन्न सुरक्षाकोष स्थापना गरेको छ। त्यसमा उनीहरूलाई आबद्धसमेत गराइएको छ। श्रमिकको सुविधाका लागि तलबको केही रकम कट्टा गरी रोजगारदाताका तर्फबाट त्यति नै रकम थप गरी नागरिक लगानी कोष वा सञ्चय कोषमा जम्मा गर्ने व्यवस्था छ। यस्ता कोषले सञ्चयकर्तालाई सस्तो ब्याजदरमा ऋण उपलब्ध गराइ घरजग्गा जोड्न वा अन्य व्यवसायमा लगानी गर्न सजिलो बनाइरहेका छन् भने अर्कातिर श्रमिकले यस्ता कोषमा गर्ने बचतमा ब्याज पनि पाइरहेका छन्। आफूले यस्ता कोषबाट पाउने ब्याजभन्दा तिर्नुपर्ने ब्याज बढीमा तीन प्रतिशत मात्रै हुन्छ। समग्रमा हेर्दा दुईदेखि तीन प्रतिशत ब्याजमा ऋण पाउँदा श्रमिकलाई आफ्नो सपना पूरा गर्न धेरै सजिलो हुँदै आएको छ।

श्रमिकको हितका लागि सरकारले सामाजिक सुरक्षा कोष पनि स्थापना गरेको छ। तर अस्पष्ट नीतिका कारण सो कोषमा अझै पनि धेरै श्रमिकलाई समेट्न सकिएको छैन। बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले सामाजिक सुरक्षा योजनालाई जुनसुकै बेला स्थगन गर्न सक्ने व्यवस्थाले गर्दा अन्योल सिर्जना भएको र कोषले दिने सुवासुविधामा समेत चित्त नबुझेको भन्दै सर्वोच्चमा मुद्दासमेत दर्ता गराएका थिए। उनीहरूले पाउने सुविधाभन्दा कमै भएर होला सर्वोच्चले पनि उनीहरूकै पक्षमा फैसला सुनाएको थियो। सर्वोच्चको फैसलाले कोषमा आबद्ध भइसकेका र आबद्ध हुने सोच बनाएका अन्य श्रमिकलाई झनै अन्योलमा पारेको छ। १० प्रतिशत श्रमिकको तलबबाट काटेर र त्यति नै रकम रोजगारदाताले थप गरेपश्चात् २० प्रतिशत रकम सञ्चयकोष वा नागरिक लगानी कोषमा जम्मा भइरहेको थियो। तीन वर्षअगाडि सामाजिक सुरक्षा कोष शुरू भएसँगै कतिपय उद्योगधन्दा, कलकारखाना, सङ्घसंस्था, बैंक, निजी विद्यालय आदिले आफ्ना कर्मचारीलाई कोषमा आबद्ध गराए। फलस्वरूप नागरिक लगानी कोष, सञ्चयकोष वा अन्य कोषमा जम्मा भएको रकम झिक्न श्रमिक बाध्य भए। सञ्चयकोषले श्रमिकको जम्मा भएको रकमबाट उनीहरूले प्राप्त गर्ने बोनसबाटै भोटेकोशी, अपर तामाकोशी, सान्जेन, रसुवागढी जस्ता जलविद्युत्मा आइपिओका लागि लगानीसमेत गरिदिएको छ। यसबाट केही भएपनि श्रमिकलाई राहत पुगेको छ।

सामाजिक सुरक्षा कोषमा आबद्ध भएको केही समयपछि विश्वमा देखिएको कोरोना महामारीका कारण श्रमिक सबैभन्दा बढी मारमा परे। वर्षौंदेखि थोपाथोपा गर्दै सञ्चय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको रकम निकालेर श्रमिकले महामारीको समयमा घरखर्च चलाए। सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेपश्चात् १४ वर्ष नौ महीना काम गरिसकेका श्रमिकले रोजगारदाताका तर्फबाट १० वर्षको मात्रै उपदान पाए। आफ्नो काममा नौ वर्ष नौ महीना पूरा गरिसकेका श्रमिकले पनि पाँच वर्षको मात्रै उपदान पाए। उनीहरूको चार वर्ष नौ महीना काम गरेको गणना नै भएन। यसले रोजगारदातालाई आफ्ना कैयौं श्रमिकलाई थोरै समयको मात्रै उपदान दिनुपर्दा आर्थिकरूपमा धेरै नै फाइदा भयो भने श्रमिक जताबाट पनि मारमा मात्रै परे। यसै पनि नेपालमा श्रमिकको तलब थोरै नै छ। त्यसमा पनि अन्य कोषमा तलबको १० प्रतिशत मात्रै काटिने व्यवस्था थियो। सामाजिक सुरक्षा कोषमा आबद्ध भएपश्चात् रोजगारदाताले २० प्रतिशत वा एकैचोटि दोब्बर थप्नुपर्ने भएपछि आफूले थप्न नसक्दा वा थप्न सक्ने क्षमता हुँदाहुँदै पनि थप्न नचाहँदा श्रमिककै तलबबाट काटेर पठाउन थाले। यसले गर्दा श्रमिकले पाउँदै गरेको तलब तथा अन्य सेवासुविधासमेत घट्न पुग्यो। अन्य कोषबाट आफूले जम्मा गरेको रकमको ९० प्रतिशतसम्म सजिलै ऋण लिन पाइन्छ भने सामाजिक सुरक्षा कोषमा आबद्ध भएको तीन वर्षपछि मात्रै ऋण लिन पाइने व्यवस्था छ। वर्षौं काम गरेर जम्मा गरेको पैसाले अन्य कोषबाट ऋण निकालेर घर बनाउने सपना बुनेकाले यो कोषमा आबद्ध भएपश्चात् अझै तीन वर्ष कुर्नुपर्छ। दुर्घटना बीमा, सुत्केरी, बिरामी हुँदा पाउने सुविधा, यसमा आबद्ध श्रमिकले सजिलै पाइरहेको बताइन्छ। यसैगरी, अन्य सुविधा पनि अन्य कोषभन्दा सरकारकै तर्फबाट खोलेको सामाजिक सुरक्षा कोषमा बढी र सजिलै पाउने हो भने सबै श्रमिक तथा रोजगारदाताको आकर्षण बढ्ने नै छ।

हुनत सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि–२०७५ लाई दोस्रो संशोधन गरेपछि श्रमिकले पाउने सुविधा थप फराकिलो बनाइएको छ। यसले सामाजिक सुरक्षा कोषमा योगदान गर्ने श्रमिकले निवृत्तिभरण र अवकाश दुवै सुविधा लिन पाउने भएका छन्। यसअघि योगदानकर्ताले निवृत्तिभरण वा अवकाशमध्ये एउटा योजना छनोट गर्नुपर्ने बाध्यकारी नियम थियो। वृद्धावस्था सुरक्षा योजना अन्तर्गत जम्मा हुने योगदानकर्ताको आधारभूत पारिश्रमिकको २८.३३ प्रतिशत रकमलाई दुई भागमा वर्गीकरण गरिएको छ। तीमध्ये निवृत्तिभरण योजनामा २० प्रतिशत र अवकाश सुविधा योजनामा ८.३३ प्रतिशत रकम जम्मा हुने व्यवस्था गरिएको छ।

**अवकाश योजना:**

योगदानकर्ता ६० वर्ष पुगेपछि अवकाश हुँदा वा निजको रोजगार अन्त्य भएको अवस्थामा यसबाट रकम झिक्न मिल्छ। यसअघि यस्तो रकम झिक्न ६० वर्ष कुर्नैपर्ने व्यवस्था रहेको थियो। वृद्धावस्था सुरक्षा योजना अन्तर्गत जम्मा हुने योगदानकर्ताको आधारभूत पारिश्रमिकको २८.३३ प्रतिशत रकममध्ये ८.३३ प्रतिशत अवकाश योजनामा छुट्याइन्छ। यसबीचमैं योगदानकर्ताको मृत्यु भएको अवस्थामा जम्मा भएको रकम र सो रकममा प्राप्त प्रतिफलसमेत जोडेर हुन आउने रकम निजको हकवालाले एकमुस्टरूपमा पाउने व्यवस्था छ।

**निवृत्तिभरण (पेन्सन) योजना:**

योजना अन्तर्गत जम्मा हुने योगदानकर्ताको आधारभूत पारिश्रमिकको २८.३३ प्रतिशत रकममध्ये २० प्रतिशत छुट्याइएको हुन्छ। सामान्यतया योगदानकर्ता श्रमिक ६० वर्ष पूरा भएपछि मात्रै निवृत्तिभरण योजनामा जम्मा भएको रकम महीनैपिच्छे वा एकमुस्टरूपमा प्राप्त हुन्छ। यसमा जम्मा भएको रकम र कोषले गरेको लगानीबाट आर्जित प्रतिफलसमेत जोडेर हुन आउने कुल योगलाई १६० ले भाग गरेर आउने रकम सो व्यक्तिको जीवनभर हरेक महीना प्रदान हुनेछ। वा अवकाश हुँदा निवृत्तिभरण योजनामा जम्मा भएको रकम पनि एकमुष्टरूपमा श्रमिकले झिक्न सक्नेछ। योगदानकर्ताले निवृत्तिभरण पाउन शुरू गरेपछि बीचमैं मृत्यु भएमा (निवृत्तिभरण पाउन थालेको १८० महीना नपुगेको हुनुपर्ने) र सो व्यक्तिको पति वा पत्नीको वैकल्पिक रोजगार वा निवृत्तिभरण नभएमा निवृत्तिभरणको ५० प्रतिशत रकम पति वा पत्नीले जीवनभर पाउनेछन्। तर जागीरे नै रहेका पति वा पत्नीको रोजगार समाप्त भएर निवृत्तिभरण प्राप्त गर्ने अवस्था छैन भने कोषमा निवेदन दिएर निवृत्तिभरण सुविधा माग गर्न सकिनेछ।

विवाह नभएका व्यक्तिको हकमा यो सुविधा हुनेछैन। पछि बिहे गरेमा पनि यो सुविधा लागू हुनेछैन। योगदानकर्ताको मृत्यु भएमा र उसका सन्तान साना छन् भने बढीमा दुई सन्तानले २१ वर्ष पुग्दासम्म शैक्षिकवृत्ति पाउनेछन्। योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको ४० प्रतिशत रकम उनीहरूले हरेक महीना पाउनेछन्। तर सन्तानले बिहे गरेमा वा अध्ययन पूरा गरेमा पाउनेछैनन्। सन्तान अशक्त भएको अवस्थामा भने उमेर हद लागू हुँदैन। योगदानकर्ताको एकाघर पति वा पत्नी वा छोराछोरी नभएको तर ऊसँग आश्रित आमाबुबा रहेको खण्डमा योगदानकर्ताको आधारभूत पारिश्रमिकको ६० प्रतिशतसम्म रकम आमाबुबाले जीवनकालभर हरेक महीना पाउनेछन्। योगदानकर्ताको आमाबुबाको वैकल्पिक रोजगार रहेको वा अन्यन्त्रबाट पाउने सुविधा धेरै भएको खण्डमा भने यो सुविधा रहनेछैन। जुनसुकै कारणले योगदानकर्ताको मृत्यु भएमा वा स्थायीरूपमा अक्षम भई लामो समय सुविधा पाएपछि मृत्यु भएमा पनि निजको अन्तिम संस्कारका लागि नजीकका परिवारलाई २५ हजार रुपैयाँ प्रदान हुनेछ।

**बीचमैं ऋण चाहिएमा पनि पाइन्छ:**

योगदान रकम जम्मा गर्न थालेको तीन वर्ष पूरा भएपछि बीचमा रकम चाहिएको खण्डमा सापटी पनि पाइन्छ। अवकाश योजना र निवृत्तिभरण अन्तर्गत जम्मा भएको कुल २८.३ प्रतिशत रकमको ८० प्रतिशतसम्म सापटी रकम पाइनेछ। यसरी रकम सापटी लिंदा तोकिएको ब्याज भने तिर्नुपर्नेछ।

**औषधोपचारमा सुविधा:**

योगदानकर्ताको अस्पताल भर्ना तथा शल्यक्रियाबापतको शुल्क, रोगको परीक्षण तथा उपचारबापतको खर्च, औषधिको बिलबमोजिम खर्च, महिला योगदानकर्ता वा योगदानकर्ताकी पत्नी गर्भवती हुँदा परीक्षणको खर्च, प्रसूति तथा शल्यक्रिया वा उपचार गराउँदाको खर्च, सुत्केरी हुँदाको खर्च, सुत्केरी भएको छ हप्तासम्म सम्बन्धित उपचार खर्च तथा तीन महीनासम्मको शिशुको उपचारबापत खर्च पाउनेछन्। घरमैं बसी उपचार गराउनुपरेको अवस्थामा पनि चिकित्सकले घरमैं गएर प्रदान गरेको परामर्श सेवाको शुल्क पाइनेछ। त्यस्तै, प्रसूति स्याहारका लागि प्रतिशिशु एक महीनाको न्यूनतम पारिश्रमिक बराबरको रकम पाइनेछ। सरकारको अन्य बीमा योजनाबमोजिम स्वास्थ्य सुविधाको रकम पाउने अवस्थामा पनि यी सुविधा पाइनेछ। तर एउटै बिलबाट दोहोरो भुक्तानी पाइनेछैन।

त्यस्तै, योगदानकर्ता दुर्घटनामा परे पनि क्षतिपूर्ति र उपचार खर्च पाइन्छ। कार्यालयको काम गर्दागर्दै अर्थात् कामका सिलसिलामा दुर्घटना भएमा उपचारको सम्पूर्ण रकम पाइनेछ। कार्यालयबाहिर हुँदाको अवस्थामा दुर्घटना हुँदा सात लाख रुपैयाँसम्मको उपचार खर्च पाइने व्यवस्था छ। यदि दुर्घटना भइसकेपछि काम गर्न नसक्नेगरी शारीरिक अशक्तता भएमा सो व्यक्तिले जीवनभर आधारभूत तलबको ६० प्रतिशत रकम बराबर हरेक महीना पाउने व्यवस्था गरिएको छ। यसरी योगदानमा आधारित सामाजिक सुरक्षा योजना अन्तर्गत चारवटा सुविधाको व्यवस्था छ। औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षाको सुविधा, दुर्घटना र अशक्तता सुरक्षाको सुविधा, आश्रित परिवार सुरक्षाको सुविधा तथा वृद्धावस्था सुरक्षाको सुविधा। यी सुविधाहरूलाई कार्यान्वयनमा ल्याउने काम सामाजिक सुरक्षा कोषले गर्दछ।

## आयात घट्दा ड्राइपोर्ट भन्सारको राजस्व घट्यो

प्रस, वीरगंज, १२ जेठ/

नेपाल सरकारले ४७ वटा वस्तुमा शतप्रतिशत मार्जिन राखेर आयात गर्नुपर्ने नियम लागू गरेपछि वीरगंजस्थित श्रीसिया सुक्खा बन्दरगाह भन्सारबाट नेपाल आउने मालवस्तुको आयातमा कमी आएको छ।



तस्वीर: फाइल

गत वैशाखमा मालवस्तुको आयात घट्दा त्यसको नकारात्मक असर राजस्वमा पनि परेको भन्सार अधिकारीको भनाइ छ। सवारीसाधन, फलामजन्य औद्योगिक कच्चा पदार्थ, स्पेयर पार्ट्स, तयारी कपडा तथा सौन्दर्य सामग्री, मदिरालगायतका सामानको आयातमा कमी आएको छ।

भन्सार कार्यालयले गत वैशाखमा रु चार अर्ब ५८ करोड आठ लाख ५५ हजार राजस्व असुली गर्नुपर्नेमा रु तीन अर्ब ७५ करोड १० लाख ५९ हजार मात्र राजस्व सङ्कलन गरेको छ। अर्थात् वैशाखको निर्धारित लक्ष्यभन्दा अर्थात् एक महीनामा ८३ करोड कम राजस्व असुली भएको छ।

त्यसैगरी, चालू आवको साउनदेखि वैशाखसम्म रु ४३ अर्ब ५२ लाख ९२ हजार राजस्व लक्ष्य रहेकोमा रु ४१ अर्ब ४४ करोड ९८ लाख ७८ हजार राजस्व असुली भएको भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष न्यौपानेले जानकारी गराए।

## मालपोत कार्यालय सिमराद्वारा १० महीनामा साढे ४३ करोड राजस्व सङ्कलन

प्रस, जीतपुर, १२ जेठ/

मालपोत कार्यालय, सिमराले १० महीनामा रु ४३ करोड ५५ लाख ३४ हजार राजस्व सङ्कलन गरेको लेखापाल तेजेन्द्र लम्सालले बताएका छन्।

चालू आव २०७८/७९ को साउन–वैशाख १० महीनामा घरजग्गा रजिस्ट्रेशन दस्तुर रु ४३ लाख ६२ हजार, पुर्जा बिक्री सेवा शुल्क रु २४ हजार ८००, सेवा शुल्क रु नौ लाख ८० हजार, घरजग्गा रोक्का दस्तुर रु दुई करोड ६० लाख ५३ हजार, पूँजीगत लाभकर रु १३ करोड ३२ लाख ७३ हजार गरी रु ४५ करोड ५५ लाख ३४ हजार राजस्व सङ्कलन भएको लेखापाल लम्सालले बताए।




यस कार्यालय अन्तर्गत पर्ने साबिक गाविसहरू रातोमाटे (अमलेखगंज), पिपरासिमरा, भवानीपुर, जीतपुर, छातापिपरा, फत्तेपुर, डुमरवाना, मनहर्वा, निजगढ, इनर्वासिरा क्षेत्रका घरजग्गा खरीद–बिक्री तथा बैंकिङ कारोबारबापत प्रचलित ऐन, नियमबमोजिम कर दस्तुर, शुल्क सङ्कलन गरिएको मालपोत कार्यालय, सिमराका प्रमुख मालपोत अधिकृत राजेन्द्रप्रसाद पौडेलले बताए।

## बिलबिजकभन्दा बढी सामानसहित ट्रक नियन्त्रण

प्रस, वीरगंज, १२ जेठ/

बिलबिजकभन्दा बढी सामान बोकेको एउटा ट्रकलाई नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय, पथलैया बुझाइएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

बुधवार दिउँसो वीरगंज–१६ बाइपास सडकबाट बिलबिजकभन्दा बढी इलेक्ट्रोनिक र खुद्रा सामान बोकेको वाग्मती प्रदेश ०१–००३ क ९३०४ नम्बरको मालवाहक ट्रकलाई नियन्त्रणमा लिई राजस्व कार्यालय, पथलैया बुझाइएको जिप्रका, पर्साले जनाएको छ।



तस्वीर: सौजन्य

## घट्यो सुनको मूल्य

काठमाडौं, १२ जेठ/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य प्रतितोला रु ४०० ले घटेर ९७ हजार ८०० तोकिएको छ। अघिल्लो दिन उक्त सुन प्रतितोला रु ९८ हजार २०० मा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९७ हजार ३०० छ। अघिल्लो दिन उक्त सुन प्रतितोला रु ९७ हजार ७०० पुगेको थियो।



त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु पाँचले घटेर रु एक हजार २७० पुगेको महासङ्घले जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ८४५ डलर आसपासमा कारोबार भयो।

## सार्वजनिक बिदाको दिन आइतवार समेत राहदानी विभाग खुल्ने

काठमाडौं, १२ जेठ/रासस

परराष्ट्र मन्त्रालयको राहदानी विभागले आइतवारसमेत सेवा प्रदान गर्ने भएको छ। विद्युतीय राहदानी सहजरूपमा उपलब्ध गराउने नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार विभागले बुधवार सो निर्णय गरेको हो।

विभागमा सेवाग्राहीको चाप उल्लेखनीयरूपमा बढिरहेकाले सार्वजनिक बिदाको दिनसमेत राहदानी सेवा प्रदान गरी सेवाग्राहीलाई सहज र सरल तवरले राहदानी उपलब्ध गराउन लागेको हो। त्यसका लागि विभागले यही जेठ १५ गतेदेखि अर्को व्यवस्था नभएसम्म प्रत्येक हप्ताको आइतवार बिहान १० देखि अपराह्न ४ बजेसम्म विभाग खोलिने आज जनाएको हो। राहदानीका लागि आवेदन दिई सम्बन्धित दिनको मिति र समय बूकिङ गर्ने सेवाग्राहीलाई उक्त समयमा विभागले राहदानीसम्बन्धी सेवा प्रदान गर्ने जनाएको छ।



# जीवनको लागत बढेपछि भारतका सेवानिवृत्तहरू बचत झिक्छन्, थोरै खान्छन्

नयाँ दिल्ली, १२ जेठ/रोयटर्स

दिल्ली उच्च अदालतका ६६ वर्षीय वकील टिएल वाली अवकाशको प्रतीक्षामा थिए । देशमा जीवनयापन लागत बढ्दै गएपछि उनी अब आफ्नो बचतमा निर्भर हुन बाध्य छन्। औषधि, घुमफिर र घरायसी खर्चको जोहो गर्न लामो समयसम्म उनले काम गरिरहनुपर्नेछ। "म सेवानिवृत्त जीवनको बारेमा सोच्न पनि सक्दिनँ," आफ्नो रकम झिक्न हुलाक बचत बैंक आएका उनले रोयटर्सलाई भने। उनले फलफूल, बाहिर खान र आफन्तलाई भेट्न छोडेका छन्। उनको अहिलेको आम्दानी कोभिड–१९ ले प्रहार गरेअघिकोभन्दा आधा कम छ। महामारीअघि जेनतेन गुजारा गरेका उनलाई अहिले कठिन भएको छ । बचतबाट प्राप्त हुने थोरै ब्याजले आकाशिंदो महँगीमा उनले जीवनचक्र चलाउनु छ ।

आफ्नो उमेरका धेरैलाई जीवन जिउन सहज भएपनि मुद्रास्फीतिले उनी र लाखौं अन्य वृद्ध भारतीयहरूलाई कठिन विकल्प रोज्न बाध्य पारेको छ । महामारीका कारण विश्वव्यापी आपूर्तिमा उत्पन्न समस्यासँगै खाद्य र इन्धनमा तीव्ररूपमा बढेको मूल्यले विश्वभरका वृद्धहरूलाई मार परेको छ। अनि युक्रेन युद्धले उनीहरूका घाउमा नूनचुक थपेको छ । राज्यबाट प्राप्त हुने थोरै निवृत्तिभरणाले अल्पसङ्ख्यक सेवानिवृत्तलाई उचित स्वास्थ्य सेवा वहन गर्न सघाएको छ। साठी वर्ष र त्यसभन्दा माथिको उमेरका करीब एक करोड ५० लाखमध्ये झन्डै १० प्रतिशत घरवारविहीन छन्। गत महीना विगत आठ वर्षयताकै उच्च ७.७९ प्रतिशतले महँगी बढेको मुख्य समाचारले सञ्चारमाध्यममा प्राथमिकता पायो ।

उपभोक्ता मूल्य सूचकाङ्कको झन्डै आधा हिस्सा ओगटेको खाद्यवस्तुमा गहुँ,



खानेतेल, तरकारी, फलफूल, मासु र चियाको मूल्य एक वर्षमा १० देखि २५ प्रतिशतले बढेको छ । खाना पकाउने ग्याँस र पेट्रोलको मूल्य ४० प्रतिशतभन्दा बढीले बढ्दा कम आय भएकाहरूलाई नराम्ररी पिरोलेको छ । मुद्रास्फीतिले वृद्धवृद्धालाई सबैभन्दा ठूलो धक्का दिएको, ६० वर्ष वा सोभन्दा बढी उमेरका १३ करोड ८० लाखले बाँच्नका लागि पर्याप्त कमाउन काम गरिरहेका हेल्प एज इन्डिया च्यारिटीकी निर्देशक अनुपमा दत्त बताउँछिन् । धेरै सेवानिवृत्तहरू दशकौंअघि गरिएको बचतमा निर्भर भएका छन् । दैनिक उपभोग्य सामान खरीदका लागि आफ्नो बचत खाताबाट उनीहरूले धेरैभन्दा धेरै रकम निकालिरहेका छन् ।

यसैबीच, भारतको केन्द्रीय बैंकले उच्च मुद्रास्फीति कम्तीमा आगामी सेप्टेम्बरसम्म कायम रहने चेतावनी दिएको छ ।

भारतको समग्र बचतदर गत मार्चमा समाप्त भएको आर्थिक वर्षमा ३० प्रतिशतभन्दा तल झरेको अनुमान गरिएको छ, जुन महामारीअघि ३२ प्रतिशतभन्दा बढी थियो। अर्थशास्त्रीहरूले अर्को वर्ष पनि प्रवृत्तिमा परिवर्तन हुने आशा गरेका छैनन् । दीर्घकालीन निक्षेपको औसत ब्याजदर पनि विगत तीन वर्षमा ८.५ प्रतिशतबाट झरेर ६ प्रतिशत कायम भएको छ । भारतको सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) ले वृद्धवृद्धाहरू विशेषगरी मुद्रास्फीतिको मारमा परेको स्वीकार गरेको छ । भाजपाका आर्थिक मामिला प्रवक्ता गोपालकृष्ण अग्रवालले खाद्यान्न र स्वास्थ्य सेवा सहयोगसहित उनीहरूको सुरक्षाको लागि सक्दो प्रयत्न सरकारले गरिरहेको बताएका छन्। महामारी राहत कार्यक्रमको एक भागको रूपमा सरकारले करीब ८० करोड जनसङ्ख्यालाई निश्शुल्क खाद्यान्न उपलब्ध गराएको छ ।

सप्ताहन्तमा सरकारले पेट्रोल, डिजेल र खाना पकाउने ग्याँसको मूल्य घटाउने कर परिवर्तन र अनुदानहरू घोषणा गरेको भएपनि त्यसले कति राहत दिन्छ भन्ने स्पष्ट छैन । राज्यले निवृत्तिभरणस्वरूप प्रतिमहीना रु २०० उपलब्ध गराउँछन् भने केही राज्यले मासिक रु एक हजार देखि रु दुई हजारसम्म प्रदान गर्छन् ।

पूर्वी शहर कोलकाता निवासी एक मजदूरकी ७० वर्षीया विधवा गीता सेनले आफूले पाउने मासिक निवृत्तिभरण रु एक हजारले दुई छाक पनि खान नपुग्ने बताइन् । "प्रायः मैले खानाको लागि छिमेकीहरूसँग उधारो वा भिक्षा माग्नुपर्छ," बस्तीको एउटा घरमा एउटा कोठा भाडामा लिएको सुनाउँदै उनले भनिन् । उन्नत अर्थतन्त्रको रूपमा भारतले आफ्नो पहिचान बनाएको भएपनि भारतमा थोरै वृद्ध हेरचाह घरहरू छन् । धेरैजसो सेवानिवृत्तहरू सहयोगको लागि परिवारमा निर्भर छन्। महामारी र अहिलेको मुद्रास्फीतिले जीविकोपार्जनमा असर पारेकाले उनका सन्तानहरूलाई पनि अतिरिक्त तनाव दिएको छ ।

टाटा समूहको परोपकारी शाखा, टाटा ट्रस्टले गरेको अध्ययन अनुसार कोभिड–१९ को प्रकोप आउनुअघि देशभर एक हजार एक सय वृद्धाश्रम थिए। ती वृद्धाश्रम चन्दाबाट सञ्चालन हुन्छन् र लागत बढ्दै जाँदा तिनीहरूमा पनि सञ्चालनको चुनौती थपिएको छ। खाना, औषधि र इन्धनमा भएको वृद्धिले तरकारी, फलफूल, औषधि र हेरचाह प्रदायकहरूको खर्च पनि घटेको छ । दिल्लीमा रहेको परोपकारी संस्था शिओसका निर्देशक सौरभ भगतले चार सयभन्दा बढीलाई खानपानको व्यवस्था गर्न तीनवटा आश्रम चलाउँदै आएको र अहिले मासिक खर्च २० प्रतिशतले बढेको बताए ।

"हामी अब फलफूल किन्नेबारे सोच्न नसक्ने भएका छौं," महँगीको मारमा खर्च कटौती गर्न बाध्य भएको बताउँदै भगतले भनेका छन्। वृद्धाश्रममा आश्रय लिइरहेकी ६१ वर्षीया वसन्ती चन्दले आफ्नो बचतबाट सबै खर्च व्यवस्थापन गरे पनि परिवारले आफूलाई छाडेको बताइन् । चार छोरीलाई दिन उनले आफ्नो सानो घर बेच्नुपरेको थियो । "वृद्धाश्रमले आश्रय नदिएको भए म बाँच्ने थिइनँ," उनले आँसु पुछ्दै भनिन्। चन्दले आफ्ना छोराछोरीलाई दोष भने दिइनन्। उनले भनिन, "म तिनीहरूको बारेमा केही नराम्रो सोच्न सक्दिनँ । आखिर तिनीहरू मेरै सन्तान हुन्, उनीहरूका पनि आफ्नै समस्या छन् ।" रासस

# टयाक्टर पल्टेर नाबालकको मृत्यु, दुईजना घाइते

प्रस, पर्सागढी, १२ जेठ/



तस्वीरः प्रतीक

भेडाहा खोलामा नदीजन्य पदार्थ अवैध उत्खनन गर्न गएको टयाक्टर पल्टेर एकजना नाबालकको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् ।

बिहीवार बिहान ८ बजे वीरगंज महानगर–३१ र पर्सागढी नगरपालिका–४ को बीचमा पर्ने भेडाहा खोलामा ना.६त १७५९ नम्बरको टयाक्टर अवैध उत्खननको लागि गएको थियो । सो टयाक्टरका चालक अफरोज देवानले टयाक्टर रोकेर राखेको र टयाक्टरमा सवार उनका भाइ १३ वर्षीय सरफराज देवानले टयाक्टर चलाएपछि टयाक्टर पल्टेको थियो ।

टयाक्टरले थिचिएर घाइते भएका सरफराज देवानको उपचारको क्रममा मृत्यु भएको प्रहरी चौकी, बडनिहारले जनाएको छ। घटनामा टयाक्टरमा सवार ३० वर्षीय शङ्कर महतो र ओहाद मियाँ पनि घाइते भएका छन् र उनीहरूको उपचार वीरगंजको अस्पतालमा भइरहेको छ ।

टयाक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# आँपको बोटमा कीराको प्रकोप

नरेश यादव, पर्सागढी, १२ जेठ/

पर्सा जिल्लामा आँपको बोटमा मञ्जरी लाग्दा टिकौरा पनि प्रशस्त फलेको थियो ।



तस्वीरः प्रतीक

कीराको प्रकोप देखिएपछि किसानहरू चिन्तित भएका छन् ।

गत चैत महीनामा आँप, लिचीको बोटमा मञ्जरी लागेको देखेर आँप खेती गरेका किसानहरू खुशी भएका थिए । मञ्जरी लाग्नुभन्दा पहिले वर्षा पनि भएको थियो, जसले गर्दा आँपको पातमा लागेका जाली सफा हुनुका साथै थुप्रै

तर आँप पाक्ने बेलामा कीराको प्रकोप बढेपछि किसानहरू चिन्तित भएका छन् ।

कीराको प्रकोपको कारण आँप बोटबाट कुहिएर झर्ने क्रम बढेको एकजना किसानले बताएका छन्। पाकेको आँपमा औषधि छर्न पनि कठिनाइ भइरहेको कृषकहरूले गुनासो गरेका छन् ।

## गरुडामा एमाले प्रमुख...

बहुमतसहित विजयी भएको छ ।

**जनता नै आफ्नो प्रेरणाको स्रोत – नगरप्रमुख कलवार**

रौतहटको गरुडा नगरपालिकामा प्रमुख पदमा निर्वाचित कन्थमणिप्रसाद कलवारलाई ५१ किलो फूलको माला लगाइएको छ । नगरप्रमुखमा विजयी भएपछि बिहीवार आयोजित विजयसभामा समर्थकहरूको तर्फबाट ठूलो माला लगाइएको हो ।

विजयसभालाई नेकपा एमालेका स्थायी समिति सदस्य तथा पूर्वमन्त्री प्रभु साहले गरुडा नगरपालिकामा नेकपा एमालेको जीतलाई ऐतिहासिक बताउँदै गरुडालाई स्मार्ट सिटी बनाउन आफूले सहयोग गर्ने बताएका छन्। नेकपा एमाले र मुख्यगरी कन्थमणिप्रसाद कलवारप्रति पिछडिएका वर्गको देखिएको समर्थनलाई अब विकासबाट विश्वासमा बदल्नुपर्ने सुझाव पूर्वमन्त्री साहले दिएका थिए ।

जिल्लाको मध्यभागमा रहेको गरुडाको उन्नतिले मधेस प्रदेश नै प्रभावित हुने भएकोले गरुडाको विकासमा नगरप्रमुखलाई साथ दिन पूर्वमन्त्री साहले जनसमुदायलाई आग्रह गरेका थिए ।

नवनिर्वाचित नगरप्रमुख कलवारले चुनावअघि आफूले सार्वजनिक गरेको घोषणापत्र अनुसार सबैसित मिलेर काम गर्ने प्रतिबद्धता जनाउँदै आफ्नोलागि प्रेरणाको स्रोत सदैव जनता र समाजसेवा रहने गरेको बताए । विकासवादी नेता प्रभु साहको निर्देशन र सर्वसाधारण जनताको सल्लाहबमोजिम आफूले काम गर्ने प्रतिबद्धता जनाउँदै नगरप्रमुख कलवारले मौलापुरको जस्तै गरुडाको नमूना विकास गर्ने सबैको चाहनालाई पूरा गर्न आफूले सबै जननिर्वाचित प्रतिनिधिहरूसित सहकार्य गर्ने बताएका थिए ।

# भारतीय कवि शाण्डिल्यको सम्मान

प्रस, काठमाडौं, १२ जेठ/

स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौं र राष्ट्रिय साहित्य प्रतिष्ठानको



तस्वीर सौजन्यः भा.दू.




संयुक्त आयोजनामा भारतीय कवि नरेश शाण्डिल्यको स्वागत सम्मानका साथै नेपाल–भारत कविता वाचन कार्यक्रम बिहीवार सम्पन्न भएको छ ।

नेपालस्थित भारतीय दूतावासमा आयोजित कार्यक्रम नेपालका वरिष्ठ साहित्यकार डा तुलसीप्रसाद भट्टराई कार्यक्रमका प्रमुख आतिथ्यमा भएको थियो ।

कार्यक्रममा भारतीय राजदूतावासका प्रथम सचिव नवीन कुमार, त्रिभुवन विश्वविद्यालय हिन्दी विभागका श्वेता दीप्तिलगायतको सहभागिता थियो ।

कार्यक्रममा राष्ट्रिय साहित्य प्रतिष्ठानले कवि शाण्डिल्यलाई सम्मानपत्रसहित दोसल्ला ओढाएर राष्ट्रिय सम्मान प्रदान गरेको थियो भने राष्ट्रिय साहित्य प्रतिष्ठानको भगिनी संस्था शखि प्रतिष्ठानले कवि शाण्डिल्यलाई सम्मान गरेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार भट्टराईले यस प्रकारको सम्मानले दुई देशबीचको साहित्यिक एवं सांस्कृतिक सम्बन्ध प्रगाढ हुने बताए ।

नेपाल–भारत कविता वाचन कार्यक्रममा नेपाली, हिन्दी, उर्दू, अङ्ग्रेजी एवं बङ्गाली भाषामा राजेन्द्र शलभ, स्नेह सायमी, उर्दू प्रतिष्ठानका अध्यक्ष इम्तिहाज वफा, डा मोमिन खान, कञ्जना झा, मधु कुमारी, डा ज्ञाननिष्ठ ज्ञवाली, ठाकुर बेलवासे, पवित्रा अधिकारी, उमेश अवस्थी, रञ्जु दाहाल, पूनम झा, प्रियम्बदा काफ्ले, डा विनोदकुमार विश्वकर्मा, डा वासुदेव काफ्ले, त्रिभुवनचन्द्र वाग्ले, सुमन वर्षा, रश्मि भट्टलगायतले कविता वाचन गरेका थिए। राष्ट्रिय साहित्य प्रतिष्ठानका अध्यक्ष ऋषभदेव घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण सचिव रञ्जना निरौलाले गरेकी थिइन् ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## पूर्वी भारतमा नक्कली मदिरा सेवनबाट १३ जनाको मृत्यु

नयाँ दिल्ली, १२ जेठ/सिन्ह्वा

भारतको पूर्वी राज्य बिहारमा नक्कली मदिरा सेवनका कारण विगत पाँच दिनमा झन्डै १३ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले बिहीवार जनाएको छ।

उक्त घटना दक्षिण बिहारको औरङ्गाबाद र गया जिल्लामा भएको बताइएको छ। बिहार राज्यका मुख्यमन्त्री नितिश कुमारले रक्सीको बिक्री र उपभोगमा प्रतिबन्ध लगाएपछि विगत धेरै वर्षदेखि 'सुक्खा राज्य'को रूपमा चर्चा गरिने गरिएको छ।


प्रतीकात्मक तस्वीरः सौजन्य

तर छिमेकी राज्यबाट खरीद गरी बिहारमा गोप्य रूपमा बिक्री गर्ने मदिरा माफियाको संलग्नतामा अवैध मदिराको कारोबार राज्यमा भइरहेको छ। मदनपुर र सलैया प्रहरी चौकीका प्रहरीले फोनमा घटनाको अनुसन्धान भइरहेको बताए पनि अहिलेसम्म मृत्यु हुनेको यकीन सङ्ख्या भने बताउन अस्वीकार गरेका छन्।


धेरैजसो पीडितले बान्ता हुने, पेट दुख्ने र कम दृश्यताको अनुभव गरेको बताएका छन्। "छिमेकी राज्य झारखण्डबाट ल्याइएको मदिरा मदनपुर, सलैया र गया जिल्लाको आमस क्षेत्रमा बिक्री गरिएको छ," जी न्युजले उल्लेख गरेको छ।

यसैबीच, भारतको राष्ट्रिय मानव अधिकार आयोगले बिहारमा भएको सो घटनाबारे सरकारलाई नोटिस पठाएको छ। रासस

## चिनियाँ विदेशमन्त्रीको प्रशान्त महासागरका राष्ट्रहरूको भ्रमण शुरू

बेइजिङ, १२ जेठ/एएनआई

संयुक्त राज्य अमेरिकाको विशेष


तस्वीरः सिन्ह्वा

चासोका बीच चिनियाँ विदेशमन्त्री वाङ यीले साना तर रणनीतिकरूपमा महत्त्वपूर्ण टापु राष्ट्रहरूसँगको सम्बन्धलाई प्रगाढ बनाउन बिहीवारदेखि दक्षिण प्रशान्त टापुका देशहरूको औपचारिक भ्रमण गर्दै छन्।

वाङ यीको भ्रमण तालिकामा मे २६ देखि जून ४ सम्म सोलोमन टापु, किरिबाटी, सामोआ, फिजी, टोंगा, भानुआटु, पपुवा न्युगिनी र पूर्वी टिमोरको भ्रमण समावेश छन्।

वाङको भ्रमणले अर्थतन्त्र, पूर्वाधार, जलवायु परिवर्तन, जनस्वास्थ्य, प्रहरी र सुरक्षालगायत धेरै क्षेत्रमा सहकार्य र सम्झौताहरूको प्रस्तावलाई समेट्ने बताइएको छ।

"चीनको उपस्थितिलाई यस क्षेत्रका देशहरूले स्वागत गर्नुका कारण चीनले स्थानीयहरूको जीविकोपार्जनलाई प्रवर्द्धन गर्न र ती टापुहरूको आर्थिक सम्भावनालाई सक्रिय बनाउन सक्छ भन्ने हो," विज्ञहरूले टिप्पणी गरेका छन्। यद्यपि केही पश्चिमी सञ्चारमाध्यमले सुरक्षासम्बन्धी सहयोगमा मात्र ध्यान केन्द्रित गरेका छन्। साथै सहयोगले नयाँ शीतयुद्ध फैलाउन सक्छ भनेर बढाइचढाइ गर्ने प्रयाससमेत गरिएको छ।

बुधवार आयोजित पत्रकार सम्मेलनमा वाङ वेनबिनले वाङ यीको दक्षिण प्रशान्त महासागरको भ्रमणको उद्देश्य चीन र सम्बन्धित देशहरूबीचको मैत्रीपूर्ण र सहयोगात्मक सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै एशिया-प्रशान्त क्षेत्रको शान्ति, स्थिरता र समृद्धिमा योगदान पुऱ्याउने रहेको बताएका छन्।

"म केही व्यक्तिहरूको सनसनीपूर्ण टिप्पणीसँग पूर्णरूपमा असहमत छु। म यो अवसरलाई चीन-पिआइसी सहयोगको बारेमा केही तथ्यहरू सार्वजनिक गर्न चाहन्छु," उनले थपे।

संयुक्त राज्य अमेरिका जसले पहिले चीन र सोलोमन टापुहरूबीचको सुरक्षा सम्झौताको बारेमा चिन्ता देखाएको छ। उसले दक्षिण प्रशान्त राष्ट्रहरूलाई चीनसँगको 'छाया' सम्झौताहरूबाट सावधान रहन चेतावनी दिँदै सहयोगलाई नाटकीयरूपमा विस्तार गर्न थप प्याकेज अगाडि बढाएको छ।

"हामी चिन्तित छौं यी उल्लेख गरिएका सम्झौताहरू हतारमा गैरपारदर्शी प्रक्रियामा भएका वार्तालाप हुन सक्छन्," अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले भने। उनले चीनसँग थोरै पारदर्शी र अस्पष्ट सम्झौताहरू प्रस्ताव गर्ने अभ्यास रहेको पनि टिप्पणी गरेका छन्। रासस

## कोरिया-अमेरिका-जापान गठबन्धनबाट क्षेत्रीय शान्ति कमजोर हुने

सोल, १२ जेठ/सिन्ह्वा

दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र जापानबीचको बलियो गठबन्धनले उत्तरपूर्वी एशियामा शान्ति र स्थिरतालाई कमजोर बनाउने र नयाँ शीतयुद्धको सुरुआत गर्ने दक्षिण कोरियाका एक विज्ञले बताएका छन्। अमेरिकी राष्ट्रपति जो बाइडेनले गत वर्ष पदभार ग्रहण गरेपछि मङ्गलवार आफ्नो पहिलो एशिया भ्रमण पूरा गरेको र तीन देशबीच सहकार्य हुने अभिव्यक्ति सार्वजनिक भएपछि दक्षिण कोरियाका विज्ञले यस्तो टिप्पणी गरेका हुन्।

"अन्तर्राष्ट्रिय सम्बन्धमा गठबन्धनका लागि साझा शत्रु देश चाहिन्छ, संयुक्त राज्य अमेरिकाले चीनलाई आफ्नो सबैभन्दा ठूलो प्रतिद्वन्द्वी र शत्रुको रूपमा हेर्छ," कोरियाको पूर्वी एशियाली अध्ययन संस्थानका निर्देशक वू सु-केउनले दक्षिण कोरिया-अमेरिका-जापानबीचको गठबन्धनबाट उत्तरपूर्वी एशियामा शान्ति र स्थिरता कमजोर हुने बताए।

त्रिदेशीय गठबन्धन दक्षिण कोरियाको राष्ट्रिय हितमा नरहेको बताउँदै उनले वैचारिक युगको अन्त्य र विश्वव्यापी समाजको आगमनको अहिलेको अवस्थामा अन्तर्राष्ट्रिय समुदायमा अब कुनै पनि शत्रु देश नभएको उल्लेख गरे। एशिया-प्रशान्त आर्थिक ढाँचामा सामेल हुने सोलको निर्णयलाई अवाञ्छनीय भन्दै उनले त्यसबाट टकराव र तनाव बढ्ने बताए। "संयुक्त राज्य अमेरिकाले यसलाई समावेशी र लचिलो आर्थिक रूपरेखा भनेको छ तर यदि यो समावेशी छ भने यसले कुनै निश्चित देशलाई बहिष्कार गर्नुहुँदैन। चीन एशिया-प्रशान्त क्षेत्रको सबैभन्दा ठूलो देश हो। चीनलाई बहिष्कार गरेर कसरी समावेशी र लचिलो भन्न सकिन्छ ?" दक्षिण कोरियाली विज्ञले प्रश्न गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — सुयश | वृष — बेचैनी |
| मिथुन — मनोरञ्जन | कर्कट — सफलता |
| सिंह — राज्यभय | कन्या — रोगभय |
| तुला — यात्रालाभ | वृश्चिक — कडाश्रम |
| धनु — चोरभय | मकर — उदरपीडा |
| कुम्भ — विजय | मीन — धनखति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय


## धनुषा र सिराहामा लोसपालाई निराशा

जनकपुर, १२ जेठ/रासस

धनुषा र सिराहामा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) स्थानीय तहको चुनावी परिणामबाट निराश बनेको छ। धनुषामा लोसपाले एउटा पनि स्थानीय तह जित्न सकेन। धनौजी गाउँपालिकाबाहेकमा निकटतम प्रतिद्वन्द्वीसम्म पनि दल हुन सकेन। धनुषाका १८ तथा सिराहाका १७ पालिकामध्ये लोसपाले एउटा पनि जित्न नसक्दा नेता तथा कार्यकर्ता निराश भएका छन्।

दल विभाजनको असर, दलभित्रको अन्तर्सङ्घर्ष तथा टिकट वितरणमा भएको किचलो जस्ता कारणले लोसपाले धनुषा र सिराहाका कुनै पालिकामा जित्न नसकेको जनकपुरधाम उपमहानगर-४ का सुधीर साहले बताए। "समयमा उपयुक्त उम्मेदवार तय गरी चुनाव जित्ने रणनीतिका साथ दल गएको भए यस्तो नराम्रो परिणाम आउने थिएन," उनले भने, "यसमा लोसपाका नेताहरूबाट धेरै कमीकमजोरी भएका छन्, परिणामस्वरूप निराशाजनक परिणाम आएको हो।"

सर्वसाधारण मात्र होइन, स्वयम् लोसपाका नेतासमेत आफ्नै कमजोरीका कारण चुनावमा अकल्पनीय परिणाम आएको स्वीकार्छन्। "यस्तो परिणाम आउँछ जस्तो लागेको थिएन," लोसपा धनुषाका अध्यक्ष परमेश्वर साहले भने, "यो परिणामबाट हामी आश्चर्यमा परेका



तस्वीरः फाइल

छौं।" जसपाबाट केही समयअघि मात्रै अलग भएको र बीचमा सङ्गठनलाई जसरी लैजानुपर्ने थियो, त्यसरी नसक्दा तथा टिकट वितरणमा भएको कमजोरीले हार बेहोर्नुपरेको उनको भनाइ छ।

केही समयअघि मात्रै जसपाबाट अलग भएकोले दल सङ्गठनको काम राम्ररी गर्न नसक्नु, पहिला जितेका दलको तर्फबाट जितेका जनप्रतिनिधिले जनअपेक्षा अनुसार काम गर्न नसक्नु, जनताबीच आफ्नो मुद्दा पुऱ्याउन नसक्नुजस्ता कारणले नसोचेको परिणाम आएको अध्यक्ष साह बताउँछन्। अहिलेको चुनावमा भएका कमीकमजोरीबाट पाठ सिकेर आगामी निर्वाचनमा बढी सिट जित्ने तयारीमा जुट्न उनले कार्यकर्तालाई आग्रह गरेका छन्।

यस्तै, मतपरिणामले नेकपा (एकीकृत समाजवादी)लाई पनि धनुषामा निराश बनाएको छ। एकीकृत समाजवादीले सिराहामा भने एउटा पालिकाको अध्यक्ष जित्न सफल भएको छ। एक उपमहानगरपालिका, ११ नगरपालिका र छ गाउँपालिका रहेको धनुषामा १० पालिका काङ्ग्रेसले जितेको छ। एमाले र जसपाले तीन/तीन तथा माओवादी केन्द्रले एउटा स्थानीय तह जितेका छन्।

## महोत्तरीमा प्राकृतिक सम्पदा संरक्षण नै मुख्य मुद्दा

महोत्तरी, १२ जेठ/रासस

स्थानीय तहका नवनिर्वाचित प्रतिनिधिले प्राकृतिक सम्पदाको संरक्षणलाई मुख्य मुद्दा बनाउनुपर्ने जिल्लाका बासिन्दाको माग छ। निर्वाचन परिणामपछि शपथ लिएर पदबहाली गरिरहेका स्थानीय तहका प्रतिनिधिले शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास आफ्नो प्राथमिकतामा रहेको बताइरहेका बेला सर्वसाधारणले भने प्राकृतिक सम्पदाको संरक्षण गर्न जोड दिएका छन्।


तस्वीरः फाइल

बर्दिबास नगरपालिका-१४ का ७५ वर्षीय खड्गबहादुर सिंह चुरे पर्वतको संरक्षण प्रमुख मुद्दा बन्नुपर्ने बताउँछन्। "जिल्ला भएर बग्ने अधिकांश नदी, खोल्साखोल्सीको उद्गमस्थल चुरे पहाड र त्यस वरपरका शृङ्खला छन्, चुरे जोगाउनु आवश्यक छ," उनले भने।

जिल्लाको उर्वर वन क्षेत्र, पाखा-पर्वत र नदीनालाका मुहान बर्दिबासमैं भएपछि यो नगरपालिका यहाँका बासिन्दा मात्र नभएर सबै जिल्लावासीको चासोको ठाउँ बनेको हो। यहाँबाट बग्ने नदीनालाको व्यवस्थापन ठीक नहुँदा पूरै जिल्ला कटान र डुबानबाट प्रभावित हुने हुँदा सबैतिरको चासोमा बर्दिबास रहेको बर्दिबास-३ गौरीडाँडाकी सरिता ढुङ्गाना बताउँछिन्। बर्दिबास क्षेत्रका नदीनाला, पहाडी टाकुरा र नदीउकास क्षेत्रमा अनियन्त्रित दोहन निकै बढेको छ। उत्खनन गर्ने र बालुवाढुङ्गा अवैध निर्यात बढ्दै गएपछि कटान र डुबानको समस्या झेल्नुपरेको उनको भनाइ छ।

भङ्गाहा-७ मेघरोलका डा विजयकुमार सिंह भन्छन्, "उत्खनन नियन्त्रण, सम्पदाको संरक्षण र उपयोगको वैज्ञानिक विधि अवलम्बन नगरे यसको प्रभाव जिल्लाभरि पर्छ।" यो सब रोक्ने अभिभारा यहाँका नवनिर्वाचित प्रतिनिधिको काँधमा आएको छ। स्पष्ट विधि र मापदण्ड अभावले प्राकृतिक विपद् बढ्दै गएको छ। अनियन्त्रित उत्खननले वन मासिँदै गएको छ। असन्तुलित वर्षा हुने, भूस्खलन बढ्ने, बाढीले कटान र डुबान बढाउने समस्या बढ्दै गएको छ।

चुनावमा अधिकांश उम्मेदवारले प्राकृतिक सम्पदाको संरक्षण र अनियन्त्रित उत्खनन रोक्ने प्रतिबद्धता जनाएका थिए। उनीहरूले अवैध क्रसर उद्योग हटाउने र अनियन्त्रित दोहन रोक्ने बताएका थिए। बर्दिबास-९ पशुपतिनगरका ललन मण्डल प्रतिबद्धता कार्यान्वयन हुनेमा आशङ्का व्यक्त गर्छन्। "विगतमा पनि प्रतिबद्धता जनाएकै हुन्, कार्यान्वयनमा आउन सकेन," उनले भने।

जिल्लाको पूरै पहाडी क्षेत्र बर्दिबास नगरमा पर्छ। बर्दिबास, गौशाला, भङ्गाहा र औरही नगरपालिका क्षेत्रका नदी, नदीउकास जग्गामा अहिले ५० भन्दा बढी अवैधरूपले सञ्चालन गरिएका क्रसर उद्योग छन्। नवनिर्वाचित जनप्रतिनिधिसामु यस्ता अवैध क्रसर उद्योग हटाउन चुनौतीपूर्ण जिम्मेवारी छ।

## विद्यालय भर्ना अभियान

प्रस, पोखरिया, १२ जेठ/

भिएसओ नेपाल र आसमान



तस्वीरः प्रतीक

नेपालको संयुक्त साझेदारीमा सञ्चालित बालिका तथा शिक्षा समावेशी सञ्जाल परियोजना अन्तर्गत मुखदेव सुशीला मावि, रामनगरीको आयोजनामा विद्यालय भर्ना अभियान अन्तर्गत र्‍याली तथा घरदैंलो कार्यक्रम बिहीवार रामनगरीमा सम्पन्न भएको छ। विद्यालय प्राङ्गणबाट निस्केको र्‍याली रामनगरी र फूलकवल टोल परिक्रमा गरी विद्यालय प्राङ्गणमा पुगी समापन भएको थियो। कार्यक्रममा गाउँटोलमा रहेका बालबालिकालाई विद्यालय पठाउनका लागि अभिभावकहरूलाई सुझाव दिइएको थियो। विद्यालयका प्रधानाध्यापक लक्ष्मीकान्त साहको अध्यक्षतामा निकालिएको र्‍यालीमा शिक्षक, विद्यार्थी, आसमान नेपालका धर्मेन्द्र चौरसियालगायतको सहभागिता थियो।

त्यसैगरी, आजै द्वारदेवी मावि, अलौंको आयोजनामा अलौंमा विद्यालय भर्ना अभियान अन्तर्गत घरदैंलो कार्यक्रम सम्पन्न भएको छ।


### ओशियन ट्रेडिङ्ग कन्सर्न

वीरगंज-१८, पर्सा

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP)

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम भएको बेहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | एकाइ | प्रतिएकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Electric Tricycle Big Cargo Complete Sets with Charger | Three wheeler | Ocean | LY2200 DZH | 1 Ton | China | 1 Pcs | 281,384.80 | 281,384.80 | |
| २ | Electric Two Wheller Scooter | Two wheeler | Keytech | JY800D QT-26C | 2 Seat | China | 1 Pcs | 135,959.30 | 135959.30 | |

विक्रेता फर्म नामः ओशियन ट्रेडिङ्ग कन्सर्न, ठेगानाः वीरगंज-१८, पर्सा, पान नं. 304750467, एक्जिम कोड - 3047504670137NP, Mobile No. 9807195112

# पर्सा, बारा, रौतहटमा पुरानाभन्दा नयाँ अनुहार बढी

प्रस, वीरगंज, १२ जेठ/

पर्सा, बारा, रौतहटमा दोस्रो कार्यकालको लागि निर्वाचित हुनेहरूको सङ्ख्या न्यून रहेको छ। पर्सा जिल्लाका चौधवटा पालिकामध्ये प्रमुखमा छिपहरमाई गाउँपालिकाका मनोजकुमार गुप्ताले मात्र दोस्रो कार्यकालका लागि जीत हासिल गरेका छन् । पहिलो कार्यकालमा उनी नेकपा माओवादीबाट निर्वाचित भएका थिए भने दोस्रो कार्यकालमा एमालेबाट निर्वाचित भएका हुन् ।

वीरगंज महानगरको प्रमुखमा दल (जसपा) दोहोरिए पनि उम्मेदवार भने फेरिएको छ । यसअघिका निवर्तमान नगरप्रमुख विजयकुमार सरावगी जसपाबाट निर्वाचित भएका थिए तर यसपटकको निर्वाचनमा उनी नेकपा एमालेबाट चुनाव लडेर पराजित भए । उनको ठाउँमा जसपाकै राजेशमान सिंह विजयी भएका छन् ।

बहुदरमाई, पर्सागढी, पोखरिया नगरपालिका र कालिकामाई, धोबिनी, पटेर्वासुगौली, जीराभवानी, ठोरी, जगरनाथपुर, पकाहामैनपुर, बिन्ध्यवासिनी, सखुवाप्रसौनीमा प्रमुख/अध्यक्षहरू फेरिएका छन् । पटेर्वासुगौलीमा मात्र उपाध्यक्षमा ममता महतो दोहोरिएकी छन् । बाँकी सबै पालिकामा उपप्रमुख/उपाध्यक्षहरू फेरिएका छन् ।




बारा जिल्लामा पनि १६ वटा पालिकामध्ये एउटा पालिकामा मात्र प्रमुख दोहोरिएका छन् । बाँकी १५ पालिकाका प्रमुखहरू फेरिएका छन् । महागढीमाई नपामा नेकाका उपेन्द्रप्रसाद यादव दोस्रोपटक निर्वाचित भए । बाँकी जीतपुरसिमरा, कलैया उपमहानगरपालिका, कोल्हवी, निजगढ, पचरौता, सिम्रौनगढ नगरपालिका र आदर्शकोतवाल, करैयामाई, देवताल, बारागढी, फेटा, विश्रामपुर, सुवर्ण गापाका प्रमुखमा नयाँ अनुहार आएका छन् ।

रौतहटका १८ पालिकामध्ये चारवटा पालिकाका प्रमुख दोहोरिएका छन् भने बाँकी चौधवटाका प्रमुखमा नयाँ अनुहारले जितेका छन् ।

गुजरा, परोहा, फतुवा विजयपुर, गढीमाई नपाका प्रमुख दोहोरिएका छन् भने बाँकी चौधवटा पालिकामा नयाँ अनुहार आएका छन् ।

रौतहटमा यमुनामाई, दुर्गाभगवती गापा र बाँकी गौर, राजदेवी, माधवनारायण, वृन्दावन, गरुडा, देवाही गोनाही, मौलापुर, बौधीमाई, राजपुर, ईशनाथ, फतुवा विजयपुर, चन्द्रपुर, कटहरिया नपाका प्रमुखमा नयाँ अनुहारले जितेका छन् ।

# परवानीपुरको कार्यपालिका सदस्यमा छजना निर्वाचित

प्रस, परवानीपुर, १२ जेठ/

बाराको परवानीपुर गाउँपालिकाको कार्यपालिकाले पूर्णता पाएको छ । बिहीवार सम्पन्न गाससहरूको मतदानबाट छजना निर्वाचित भएपछि कार्यपालिकाले पूर्णता पाएको हो ।


तस्वीरः प्रतीक

परवानीपुर गापाका मुख्य निर्वाचन अधिकृत मेघनाथ रिमालका अनुसार खुलामा दुईजना पुरुषसहित छजना सदस्यमध्ये तीनजना एमाले र तीनजना काङ्ग्रेसका गरी छजना कार्यपालिका सदस्य निर्वाचित भएका हुन् ।

खुला पुरुषतर्फ नेकाबाट महन्त राम, एमालेबाट जगदीश राम, महिलाबाट एमालेकी लक्ष्मीना देवी (वडा नं २), इन्द्रकली देवी (वडा नं २) तथा नेकाबाट वडा नं १ की चिन्तादेवी पासवान, कुँवरदेवी रायभर गरी छजना निर्वाचित भएका हुन् ।

नेकपा एमालेको बहुमत नपुगेपछि नेकासँग सहकार्य गरी छवटा कार्यपालिका सदस्यमा तीन/तीन जना कार्यपालिका सदस्यको लागि सहमति जुटेको थियो । कार्यपालिका सदस्यको निर्वाचनमा जसपा र लोसपाको गठबन्धनले हार बेहोरेको थियो भने एमाले, नेका र माओवादीको गठबन्धनले विजय प्राप्त गरेको सहायक मतदान अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत मुन्ना साहले बताए ।

एमाले, नेका, माओवादी गठबन्धनबाट छ पदका लागि छजनाको उम्मेदवारी परेको थियो भने जसपा–लोसपा गठबन्धनबाट सातजनाको उम्मेदवारी परेको थियो । अब परवानीपुर गापाको कार्यपालिका सदस्यमा ११ जना सदस्य पुगेका छन् ।

# आठ महिलासहित १२६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १२ जेठ/

रक्तसञ्चार केन्द्र, वीरगंजमा रगत अभाव भएपछि साहिब दरबार सेवा संस्थान र जनता समाजवादी पार्टी नेपाल वीरगंज महानगरपालिकाको आयोजनामा बिहीवार सम्पन्न रक्तदान कार्यक्रममा आठ महिलासहित १२६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका राजन श्रीवास्तवले बताए ।



राणीसती अतिथि सदनमा सम्पन्न रक्तदान कार्यक्रममा श्रद्धा देउजा, निराजन अधिकारी, अंशु श्रेष्ठ, पिङ्की कुशवाहा, कुसुम देवी, अस्मिता पराजुली, सुशीला श्रेष्ठ, ललिता श्रीवास्तव, अंशु गुप्ता, सत्यराज घिमिरे, नवीन गुप्ता, लक्ष्मीनारायण चौधरी, निश्चल श्रेष्ठ, प्रमोद शर्मा, राजेश महतो, अभिमन्यु यादव, अनिल गुप्ता, अमित साह, जीतेन्द्र सर्राफ, उमेश मानन्धर, समीर हवारी, मुकेश गुप्तालगायतले रक्तदान गरेका थिए ।

रक्तदाताहरूलाई वीरगंज महानगरका नवनिर्वाचित प्रमुख राजेशमान सिंहले प्रमाणपत्र वितरण गरेका थिए ।

# सिम्रौनगढमा कार्यपालिकाको निर्वाचन स्थगित

प्रस, सिम्रौनगढ, १२ जेठ/

सिम्रौनगढ नगरपालिकाको कार्यपालिका सदस्यहरूको निर्वाचन कारण निर्वाचन स्थगित गरिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। काङ्ग्रेसका ३६ जना जनप्रतिनिधिले लोसपाबाट निर्वाचित जनप्रतिनिधिहरूले पनि गेटबाहिर निर्वाचन कार्यक्रम हुनुपर्छ भनेर होहल्ला गरेका थिए । दिउँसो ३


तस्वीरः प्रतीक

अनिश्चित भएको छ ।

निर्वाचन अधिकृतको कार्यालयले जेठ १५ गते हुने गरी तोकेको निर्वाचन अर्को सूचना नहुन्जेलसम्मको लागि बिहीवार स्थगित गरेपछि निर्वाचन अनिश्चित भएको हो। कार्यपालिकाका लागि महिला दलित, अल्पसङ्ख्यक सदस्य पदको निर्वाचन जेठ १५ गते तोकिएको थियो । नेपाली काङ्ग्रेसका ३६ जना जनप्रतिनिधिले शपथग्रहण र निर्वाचन प्रक्रिया स्थगनको लागि उजुरी गरेको सिम्रौनगढ नगरपालिका कार्यालयमा उजुरी दर्ता गरी नारा जुलूस गरेपछि आजको लागि तोकिएको मनोनयनपत्र दर्ता प्रभावित भएको थियो ।

नेपाली काङ्ग्रेसबाट जितेका जनप्रतिनिधिहरूले उपद्रो गरेपछि देखि साँझ साढे ७ बजेसम्म नगरपालिका कार्यालयअगाडि लोसपाले नाराबाजी गरेको थियो । सो बीचमा निर्वाचन अधिकृतको कार्यालयले अर्को सूचना जारी नहुन्जेलसम्मको लागि निर्वाचन स्थगित गरेको सूचना टाँस गरेको थियो ।

# विद्युत् चोर्ने सातजना पक्राउ

प्रस, पोखरिया, १२ जेठ/

पर्साको ग्रामीण भेगका विभिन्न स्थानमा विद्युत् चोरी गरी उपयोग गरेको आरोपमा सातजना पक्राउ परेका छन् ।

नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रको चुहावट नियन्त्रण टोलीले विभिन्न स्थानबाट सातजनालाई पक्राउ गरेको हो ।

बिजुलीको पोलमा हुकिङ गरेर विद्युत् चोरेको आरोपमा प्राधिकरणको टोलीले सातजना मानिससहित पानी तान्ने दुई थान मोटर र एक थान पङ्खा पनि नियन्त्रणमा लिएको छ ।

पक्राउ परेकाहरूबाट एक लाख ४६ हजार जरिवाना असुल गरी छाडिएको नेपाल विद्युत् प्राधिकरण, पोखरिया वितरण केन्द्रका प्रमुख जगरनाथ झाले बताए ।




**गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

औंलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिसजस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपक्षीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपक्षीको खोर टाढा राख्ने ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# निर्वाचित जनप्रतिनिधिहरूको सम्मान

प्रस, जीतपुर, १२ जेठ/

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, सिमराले जीतपुरसिमरा उपमहानगरपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरूलाई बिहीवार सम्मान गरेको छ ।


तस्वीरः प्रतीक

नगरप्रमुख राजन पौडेल, उपप्रमुख भोला अधिकारी, वडाध्यक्षहरू हीराबहादुर गुरुङ, धनबहादुर श्रेष्ठ, भोजबहादुर खत्री, विन्दा साहलगायतलाई राजयोग सेवा केन्द्रले सम्मान गरेको हो । कार्यक्रममा इलाका प्रहरी कार्यालय, सिमराका प्रहरी नायब उपरीक्षक युवराज तिमल्सिनालगायतको सहभागिता थियो ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारी आएन | | | | |